बैठक न : ४

आज मिति २०७६ साल मंसिर २४ गते बेलुका २ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | अध्यक्ष वडा नं.–११ | |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत) | |
| | आमन्त्रित | | |
| १ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २ | श्री नवराज शर्मा | ईन्जिनियर | |
| ३ | श्री डम्वर वहादुर विष्ट | लेखापाल | |
| ४ | | | |

निर्णयहरूः

१. चालु आ.व. मा खर्च गर्ने गरी प्रदेश सरकारबाट यस नगरपालिकामा प्राप्त बजेट कार्यक्रम अख्तियारी सम्बन्धमा जानकारी प्राप्त भयो । सो सम्बन्धमा कर्णाली प्रदेश सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ वमोजिम जाजरकोट खलंगा सहलगानी खानेपानी योजनामा रू ९० लाख बिनियोजन भई उक्त योजनामा स्थानीय तहले व्यहोर्नु पर्ने ३० प्रतिशत समपुरक रकम रू ३८ लाख ५७ हजार १ सय ४३ र कुदु रंगशाला निर्माणका लागि रू ५० लाख बिनियोजन भएकोमा सोको समपुरक बापत स्थानीय तहले व्यहोर्नु पर्ने ५० प्रतिशतले हुन आउने रू ५० लाख गरी यस नगरपालिकाले व्यहोर्नुपर्ने समपुरक जम्मा रू ८८ लाख ५७ हजार १ सय ४३ समपुरक कोषवापत बिनियोजन गरिएको रकमबाट विनियोजन गरी कार्यान्वयन गर्ने ।

२. प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ देहाय बमोजिम पुर्वाधार निर्माणमा प्राप्त हुन आएको रू ६८ लाख अख्तियारी निर्देशन वमोजिम कार्यान्वयन गर्नेः

क. लक्ष्मी मा.वि.भेरे वडा नं. ६ वजेट रु २४ लाख

ख. निगालेनी देखि पुरानागाउँ छिप्रेना खानेपानी वडा नं.५ वजेट रु २४ लाख

ग. रावलगाउँ लिफ्ट खानेपानी वडा नं.१२ वजेट रु २० लाख

३. कर्णाली प्रदेश सरकारबाट बिशेष अनुदानतर्फ वडा नं. ९ को भुर स्वास्थ्य चाकीमा बर्थिङ सेन्टर भवन निर्माणको लागि रू ४० लाख प्राप्त हुन आएकोमा उक्त रकम कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार कार्यान्वयन गर्ने ।

४. पुर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ प्राप्त भएको रू १ करोड ४० लाख मध्ये देहाय बमोजिमका योजना तथा कार्यक्रम संचालनका लागि बिनियोजन भई अख्तियारी समेत प्राप्त भएकोले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन गर्ने ।

| | |
|---|---|
| क. वहु प्राविधिक शिक्षालय भवन निर्माण भे.न.पा. ५ काफलचौर | वजेट रु ५० लाख |
| ख. हिमालय होटलदेखि ने.वै.ली.सम्म सडक निर्माण भे.न.पा. ४ | वजेट रु १० लाख |
| ग. पुरानो मालपोत कार्यालय देखि काजिवाडा सडक भे.न.पा. ४ | वजेट रु १० लाख |
| घ. झालाहाल्ना -काफलचौर सडक निर्माण भे.न.पा. ८ | वजेट रु १० लाख |
| ङ. साजे-पातिहाल्ना सडक भे.न.पा.५ | वजेट रु १० लाख |
| च. शिवशंकर मा.वि. जगतिपुर घेरावार निर्माण भे.न.पा. ११ | वजेट रु १८ लाख |
| छ. बोहरा सिचाई कुलो विस्तार भे.न.पा. ४ | वजेट रु १० लाख |
| ज. कालेगाउँ पिपलबोट देखि भेरी कोरीडोर सम्मको सडक स्तरोन्नती भे.न.पा.१ | वजेट रु १२ लाख |
| झ. कोलचौर रिठापानी डौरीकाँडा सडक भे.न.पा. १ | वजेट रु १० लाख |

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७५।१२।४ को प्राप्त पत्रानुसार यस नगरपालिकाका स्वास्थ्य सेवा उपलव्ध नभएका वडाहरू क्रमशः १,४,५,७,८,१०,१२ सेवा विस्तारका लागि छनौट भएकोमा उक्त वडाहरूमा स्वास्थ्य सेवा भवन निर्माणका लागि वडाबासि नागरिकहरूलाई पायक पर्ने स्थानमा मापदण्ड बमोजिमको आवश्यक जग्गा मिति २०७६।८।३० गते सम्म सात दिन भित्र वडा कार्यालयको नाममा नामसारी गरी सक्ने र स्थानीय तहमा

आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम कार्यालयले ठेक्का बन्दोबस्ती प्रक्रिया तत्काल अगाडी बढाउने साथै उल्लेखित वडाहरूमा कार्यविधिमा उल्लेख भए बमोजिमको प्रक्रियाबाट आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा सुचारू गर्ने ।

६. कर्णाली प्रदेश सरकाबाट सशर्त अनुदान तर्फ कार्यान्वयन गर्न प्राप्त भएको वडा नं. १२ को रावलगाउँमा लिफ्ट खानेपानी योजना निर्माण गर्न दक्ष प्राविधिक जनशक्ति तथा क्षमता आवश्यक पर्ने भएकोले योग्य अनुभवी फर्म तथा कम्पनी मार्फत निर्माण कार्य गर्न टेण्डर प्रक्रिया अघि बढाउने ।

७. नगर शिक्षा समितिबाट पारीत भई आएका देहाय बमोजिमका निर्णयहरू अनुमोदन गर्ने ।

१. विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत प्राप्त कुल बजेट रु २,८३,०००००|- (अक्षरुपी दुई करोड तिरासी लाख मात्र) मध्ये नमुना विद्यालयको लागि विनियोजित रकम रु १,५०,०००००|- (अक्षरुपी एक करोड पचास लाख मात्र) बाहेक रु १,३३,०००००|- (अक्षरुपी एक करोड तेत्तीस लाख) १४ कोठाको लागि रु.१ करोड १२ लाख र ३ वटा **WASH** सहितको शौचालय निर्माणमा रु २१ लाख वरावरको वजेट रकम तपशिलका सामुदायिक विद्यालयहरुलाई निर्माणका लागि विनियोजन गर्ने ।

तपशिलः

<u>क. भवन तर्फः</u>

१. श्री ज्ञानकुन्ज प्रा.वि.वुरुङ्गे, २ कोठे भवन निर्माण भे.न.पा.८ जाजरकोट, १६ लाख ।
२. श्री विष्णु प्रा.वि.दारनेटा, २ कोठे भवन निर्माण, भे.न.पा.२ जाजरकोट, १६ लाख ।
३. श्री भगवती आ.वि.गगटिया, २ कोठे भवन निर्माण, भे.न.वा.६ जाजरकोट, १६ लाख ।
४. श्री सुर्योज्योति आ.वि.घोरनेटा, २ कोठे भवन निर्माण, भे.न.पा.९ जाजरकोट, १६ लाख ।
५. श्री वालज्योति प्रा.वि.गैरीगाँउ, २ कोठे भवन निर्माण, भे.न.पा.७ जाजरकोट, १६ लाख ।
६. श्री विजय मा.वि.काफलचौर, २ कोठे भवन निर्माण, भे.न.पा.६ जाजरकोट, १६ लाख ।
७. श्री थर्पुडाँडा प्रा.वि.सालिविसाउन, २ कोठे भवन निर्माण, भे.न.पा.१२ जाजरकोट,१६ लाख ।

<u>ख. शौचालय तर्फः</u>

१. श्री शंकरभवन मा.वि.बाहुनथाना भे.न.पा.२ जाजरकोट, WASH सहितको शौचालय निर्माण रू. ७ लाख।
२. श्री लक्ष्मी मा.वि.भेरे भे.न.पा.६ जाजरकोट, WASH सहितको शौचालय निर्माण रू. ७ लाख।
३. श्री शिवशंकर मा.वि.जगतिपुर भे.न.पा.१२ जाजरकोट, WASH सहितको शौचालय निर्माण रू. ७ लाख।

ग. यस नगरपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यस अघि भए गरेका अनुगमन कार्यलाई निरन्तरता दिदै समय तालिका निर्धारण गरी यसलाई अझ चुस्त दुरुस्त र प्रभावकारी वनाउन नमुना सर्वेक्षणको रुपमा श्री जनता प्रा.वि.भे.न.पा.२ पुरानो रिसाङ्ग, श्री जनता प्रा.वि.भे.न.पा.२ पोखरा, श्री ने.रा.आ.वि.भे.न.पा.२ तिमिले र श्री शिवशक्ति प्रा.वि.लामकाटिया भे.न.पा.९ जाजरकोटमा तपशिल बमोजिमको समितिले अनुगमन गर्ने ।

तपशिलः

१. नगर प्रमुख भे.न.पा.जाजरकोट — संयोजक
२. प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय जाजरकोट — सदस्य
३. शिक्षा विकास तथा समन्वय इकाइ प्रतिनिधी — सदस्य
४. प्र.प्र.अ.भेरी नगरपालिका जाजरकोट — सदस्य
५. स्वास्थ्य शाखा भेरी न.पा.जाजरकोट — सदस्य
६. नगर शिक्षा शाखा भे.न.पा.जाजरकोट — सदस्य

घ. यस नगरपालिकाको ज्ञानकुञ्ज प्रा.वि.भे.न.पा.८ वुरुङ्गेमा कार्यरत शिक्षिका श्री सावित्रा कुमारी सिंह र श्री वाल ज्योति प्रा.वि.वडाऔलमा कार्यरत शिक्षक श्री जय बहादुर नेपालीले सम्बन्धित विद्यालयहरूमा विगत ५ बर्ष देखि हालसम्म निशुल्क स्वंयमसेवकको रुपमा अध्यापन गर्दै आएकोमा सो स्वयं सेवक सेवाको उच्च कदर गर्दै मिति २०७६।०९।०१ गते देखि लागु हुने गरी नगरपालिका अनुदान रकमवाट पारिश्रमिक वापत् जनही मासिक रु. १५०००।- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) का दरले २०७६ असार मसान्तसम्मको लागि दुवैजनाकोलागी कुल जम्मा हुन आउने पारिरश्रमिक रकम रू. २ लाख १० हजार नगरपालिकाको गत वर्षको नगद मौज्दातवाट भुक्तानी लेख्ने गरी उपलब्ध गराउने ।

ङ. विभिन्न कारणले रिक्त हुन गएका विद्यालयहरुका विषयगत शिक्षक दरवन्दी कोटा पदपूर्ति गर्दा साविकको विषयगत दरवन्दी परिवर्तन गरी अर्को विषयको अनुमति लिई पदपूर्ति गर्ने प्रचलनलाई पुर्ण रुपमा रोक लगाउने र साविक जुन विषयगत दरवन्दी रिक्त भएको हो सोही विषयमा माग पदपूर्ति गर्ने अनुमतिका लागि सिफारिस गर्ने ।

च. यस नगरपालिका भित्र विभिन्न कारणले रिक्त रहेका सामुदायिक विद्यालयका स्वीकृत दरवन्दी र राहत कोटाको दरवन्दीमा पदपूर्ति गर्ने अनुमतिको लागि वि.व्य.स.ले सिफारिस माग गरेमा सिफारिस उपलब्ध गराउने ।

छ. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विभिन्न कारणले रिक्त हुने गरेका दरवन्दीमा कुनै शिक्षकले सरुवाको लागि सिफारिस माग गरेमा सरुवा भई आउने र जाने सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अनुमतिको निर्णय र विद्यालयको सिफारिस पेश भएमा मात्र सरुवाको सिफारिस पत्र दिने अन्यथा सिफारिस नदिने।

८. चालु आ.व.मा यस नगरपालिकभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्ने वडा समितिबाट माग तथा सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरू स्वीकृतिका लागि नेपाल सरकार श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) सिंहदरवार काठमाण्डौमा सिफारिस गरी पठाउने ।

तपशिलः

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | वडा नं. | प्रस्तावित रकम रू | कैफियत |
|---|---|---|---|---|
| १. | जाजरकोट अस्पताल देखि शिवालय सम्म घोडेटो बाटो मर्मत | १ | १० लाख | |
| २. | बागेश्वरी आ.वि.को कम्पाउण्ड वाल निर्माण | १ | २० लाख | |
| ३. | गातिना देखि कोल-ट्रान्सफरमर-पानीको धारा हुँदै डाँडासम्म मोटरबाटो निर्माण | १ | ३० लाख | |
| ४. | सर्वजित ताउलेको घर देखि कल्लेखोलासम्म सडक स्तरेन्नति | १ | ३० लाख | |
| ५. | तीनगार सांगट देखि बस्तिला हुदै डौरीकाँडा घोडेटो बाटे मर्मत | १ | १० लाख | |
| ६. | भेनैरी-मैदे-चौर सडक स्तरेन्नति | १ | २६ लाख | |
| ७. | डिंगा ज्यामिरे भर्ना पर्यटकीय सडक निर्माण | २ | २५ लाख | |
| ८. | पोखरा कुरी देखि मालिका भ्यु टावरसम्म पर्यटकीय सडक | २ | २५ लाख | |
| ९. | पुरानो रिसांग सिमपानी, भुने पर्यटकीय सडक निर्माण | २ | २५ लाख | |
| १०. | रोटे ज्यामिरे सडक निर्माण | २ | २५ लाख | |
| ११. | खारखोला सिंचाई मर्मत तथा मुल संरक्षण | २ | १० लाख | |
| १२. | रांशी थान गली तिमिले सडक निर्माण | २ | २५ लाख | |
| १३. | फारूला खानेपानी निर्माण | २ | २५ लाख | |
| १४. | ठाँटी देखि पानीनाउला डाँडा हुँदै गैरा कल्याणपुर त्रीवेणी साँगट सम्मको पद मार्ग निर्माण | ३ | १५ लाख | |
| १५. | जिल्ला अस्पताल देखि चाम्रेपीपल गैरा हुँदै बैदारा रूख देखि गरेली खोली र खत्रीबारा जुगेनसम्म पदमार्ग निर्माण | ३ | २५ लाख | |
| १६. | रामजानकी प्रा.वि. भवन देखि इउरी चन्द्रघण्टा भगवति मन्दिरसम्म जाने पथमार्ग निर्माण योजना | ४ | २५ लाख | |
| १७. | धार्मिक पर्यटन प्रबर्द्दनका लागि धल्ला शिव मन्दिर निर्माण | ४ | १५ लाख | |
| १८. | खलंगा रिम्ना सडक देखि सिमा मसानघाटसम्म जाने घोडेटो बाटो निर्माण | ४ | १६ लाख | |
| १९. | रम्तेल चौतारी सिसा खोली देखी चोर्ति विसाउन जोड्ने सडक निर्माण | ५ | २५ लाख | |
| २०. | बज्जु सेरा देखि बागखोर जोड्ने सडक मर्मत सम्भार | ५ | २५ लाख | |
| २१. | ने.रा. प्रा.वि. छाना मर्मत साल्टाकुरा | ५ | २० लाख | |
| २२. | मध्य पहाडी लोकमार्ग जिरो प्वाईन्ट देखि ने.रा.आ.वि. सडक निर्माण | ५ | १४ लाख | |
| २३. | कृष्ण मन्दिर निर्माण र फिल्ड निर्माण | ६ | २५ लाख | |
| २४. | रिएत्म पात्ले घोराला थापागॉउ सिचाई | ६ | २५ लाख | |
| २५. | लक्ष्मी मा वि देखी राम्री टिमुरे सडक निर्माण | ६ | २५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| २६. | मसानघाट निर्माण तथा नेटीबाट मसानघाट जोड्ने बाटो | ६ | १३ लाख | |
| २७. | साहुपाख्रा खानेपानी निर्माण | ६ | २५ लाख | |
| २८. | स्याउली देखि मेलटाकुरीसम्म सडक स्तरोन्नति | ७ | २७ लाख | |
| २९. | गोपेखोला देखि चुलाकोट सिंचाइ कुलो निर्माण | ७ | २५ लाख | |
| ३०. | सूर्यज्योति आ.वि. २ कोठे भवन निर्माण | ७ | २७ लाख | |
| ३१. | खारेखोला देखि घडेरीसम्म खा.पा. निर्माण | ७ | २४ लाख | |
| ३२. | पानीमुल देखि गैराकम्दसम्म सिंचाइ कुलो निर्माण | ७ | २५ लाख | |
| ३३. | आटाखोला देखि धाराखर्क सिंचाइ योजना मर्मत | ८ | २५ लाख | |
| ३४. | त्रिपुनी देखि कुरेल्ले सम्म तटबन्ध निर्माण | ८ | २५ लाख | |
| ३५. | कुरेल्ले देखि जनविकाससम्म पदमार्ग निर्माण | ८ | २५ लाख | |
| ३६. | थानवाडा देखि काँडागिमा खानेपानी योजना | ८ | २५ लाख | |
| ३७. | भुइपन्न खेत देखि छहारीसम्म तटबन्ध निर्माण | ८ | २५ लाख | |
| ३८. | दिपेन्द्र मा.वि. कालाभुर देखि घोरनेटा हुँदै पर्यटकीयस्थल बाँस्कोटसम्म सडक निर्माण | ९ | २५ लाख | |
| ३९. | नेपाल राष्टिय आधारभुत विद्यालयको भवन निर्माण | ९ | २० लाख | |
| ४०. | रातापहरा पौरी विद्यालय हुँदै काँडाबान्नीसम्म खापा मर्मत | ९ | १५ लाख | |
| ४१. | चिसापानी मदानेसिमल खानेपानी मर्मत | ९ | १८ लाख | |
| ४२. | छरेखेत तटबन्ध | ९ | २२ लाख | |
| ४३. | झुप्राखोला घौसाखोला तटबन्ध | ९ | २५ लाख | |
| ४४. | थालवाडा देखि नुवागाउँसम्म खानेपानी योजना निर्माण | १० | २२ लाख | |
| ४५. | गैरा दमार सामुदायिक वन उपभोक्ता समुह भवन निर्माण | १० | २० लाख | |
| ४६. | बाल प्रा.वि. फिल्ड तथा घेरावार निर्माण | १० | २० लाख | |
| ४७. | भैरव आ.वि भवन तथा फिल्ड निर्माण | १० | २५ लाख | |
| ४८. | घोरनेटा पोखरा हुँदै दिपेन्द्र मा.वि.सम्म सडक निर्माण | १० | २२ लाख | |
| ४९. | वडा नं. १० को कार्यालय देखि वडा नं. ९ को कार्यालय सम्म सडक निर्माण | १० | १९ लाख | |
| ५०. | झोलुंगे पुल देखि पुल बजार शिव मन्दिर, चतुर्माला मन्दिर हुँदै छिन्चु जाजरकोट सडक जोड्ने सडक निर्माण | ११ | २५ लाख | |
| ५१. | फेरा दुर्गा आ.वि. हुँदै स्वास्थ्य चौकी बायुघट्ट सम्म सडक स्तरोन्नति | ११ | २५ लाख | |
| ५२. | महतारागाउँ थापाचौर सडक निर्माण | ११ | १५ लाख | |
| ५४. | बरन देखि रातामाटा हुँदै सिमखेत सिंचाई | ११ | २५ लाख | |
| ५५. | लिउरेनी देखि साझा टाकुरा हुँदै राईकोरेलीसम्म खापा निर्माण | ११ | २५ लाख | |
| ५६. | घंघारू देखि तलिबाहुनगाउँ सम्म खा.पा. निर्माण | ११ | १६ लाख ६३ हजार | |

| | | | | |
|---|---|---|---|---|
| ५७. | दुर्गा आ.वि. को भवन निर्माण तथा खेल मैदान निर्माण | ११ | १६ लाख | |
| ५८. | चापाटा देखि धाइरा सडक निर्माण | १२ | २५ लाख | |
| ५९. | गेर्यानी देखि पायाखेत सिंचाई निर्माण | १२ | २० लाख | |
| ६०. | बारेला खेलकुद मैदान | १२ | १५ लाख | |
| ६१. | वारेलाखोला देखि खानेपानी टेंकी हुँदै स्वास्थ्य चौकीसम्म पाइपलाइन विस्तार | १३ | २५ लाख | |
| ६२. | हालको वडा कार्यालय (छिन्चु जाजरकोट सडक) देखि हिरे वरको घर हुँदै रिंग रोड जोड्ने मोटरबाटोसम्म सडक निर्माण | १३ | २४ लाख | |
| ६३. | छिन्चु जाजरकोट सडकको काभखोला हुँदै रिंगरोडसम्म सडक निर्माण | १३ | २५ लाख | |
| ६४. | साना बाँध निर्माण योजना तल्लो टापुखोला (रोकायगाउँ) | १३ | २१ लाख | |
| ६५. | वरपीपल देखि भुमेश्वर गुफा जोड्ने सडक निर्माण योजना | १३ | १७ लाख ५३ हजार | |

९. हाल नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर संचालनमा विभिन्न समस्या देखिएकाले उप्रान्त भेरी नगरपालिकाको यन्त्र उपकरण संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ अनुसार संचालन गर्ने ।

१०. नगरपालिका घोषणा हुनु भन्दा अघि निर्माण भएका पुराना भवनहरूको अभिलेखिकरण सम्बन्धमा समस्या देखिएकोले देहाय बमोजिम गर्ने:

क. अभिलेखिकरणका लागि निवेदन दर्ता भई निर्णय हुन नसकेका पत्रकार महासंघको भवन देखि ठाँटी परिसर सम्म निर्माण भएका घरहरूको हकमा घर निर्माण गर्दा एक अर्काको जग्गा मिचिन गएकोमा जो जसको जग्गा मिचिन गएको छ सो जग्गाको जग्गा धनीहरूबीच मालपोत कार्यालय तथा नापी कार्यालयको प्रतिनिधिको रोहवरमा एक आपसमा सहमति छ भनी सहमत भएको कागजात पेश गरेमा नियमानुसार अभिलेखिकरण गर्ने ।

ख. अभिलेखिकरण गर्न बाँकी घरहरूको अभिलेखिकरण गर्ने प्रयोजनका लागि अन्तिम एक पटकका लागि ३५ दिनको समय दिई घर भवन अभिलेखिकरणको लागि सूचना प्रकाशन गर्ने र सो म्यादभित्र निवेदन पेश गर्ने निवेदहरूको मात्र नियमानुसार अभिलेखिकरण गर्ने ।

११. नगरपालिका क्षेत्रभित्रका विभिन्न सार्वजनिक पुल तथा सडक छेउछाउ, विध्याल एवं स्वास्थ्य संस्थाहरूको नजिक सार्वजनिक जग्गामा घुम्ती, टहरा तथा छाप्रा निर्माण गरी सवारी आवागमन तथा सेवा प्रवाहमा समस्या पैदा भएको देखिएकोले त्यस प्रकारका संरचनाहरू हटाउन ७ दिनको म्यांद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने र तोकिएको समय सिमाभित्र अटेरी गरी संरचना नहटाएमा स्थानीय प्रशासनको समन्वय र सहयोग लिई हटाउने।

१२. नगरपालिका क्षेत्रभित्र संकलन तथा विक्रि हुने ढुंगा, गिट्टी बालुवाको ठेक्का बन्दोबस्त गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृतिका लागि जिल्ला समन्वय समितिमा पेश भईसकेको र प्रतिवेदन स्वीकृत भई टेण्डर गर्न केही समय लाग्ने देखिएकोले ठेक्का बन्दोबस्त नहुँदासम्मको लागि आर्थिक ऐन,२०७६ अनुसार ढुंगा, गिट्टी बालुवा लगायत वन एवं जडिवुटीको समेत राजश्व संकलन गर्न सम्बन्धित वडा समितिहरूलाई जिम्मेवारी

दिने । साथै सम्वन्धित वडाहरुले माथि उल्लेखित राजस्व शिर्षकवाट उठाएको कुल राजस्वको १० प्रतिशत रकम सम्वन्धित वडाका कुनैपनि कार्यमा खर्च गर्ने ।

१३. गत आ.व.को मौज्दात रकम र चालु आ.व.को चालुतर्फको शिर्षकमा बाँकी हुन आउने रकमबाट खर्च लेख्ने गरी तपसिलमा उल्लेखित आयोजनाहरु संचालन गर्ने ।

तपसिलः

गत आ.व.को मौज्दात रकमबाट खर्च लेख्नेगरी संचालन गर्ने योजनाहरुको विवरणः

| क्र.सं. | योजनाको नाम ठेगाना | विनियोजित रकम रू | बजेट खर्च शिर्षक |
|---|---|---|---|
| १. | रिम्ना खानेपानी वडा नं. १ | १३ लाख | |
| २. | ठाँटी अदालत जाने वाटोदेखि बाग्लुंग जोड्ने बाटो वडा नं. ३ | १८ लाख | |
| ३. | तल्लो थाप्ले वसपार्क निर्माण वडा नं. ३ | १२ लाख | |
| ४. | रीता रावलको घर देखि बाग्लुंग होटल सम्मको सडक वडा नं. ४ | १८ लाख | |
| ५. | राम मन्दिरदेखि भेलाले जोड्ने सडक वडा नं. ४ | ८ लाख | |
| ६. | शान्ती चौतारा वसपार्कको नाली व्यवस्थापन वडा नं. ४ | ५ लाख | |
| ७. | शौचालय सहितको बालकक्षा संचालनको भवन निर्माण तिमिले वडा नं.६ | ६ लाख | |
| ८. | जोगी ढुंगादेखि तल्लो ववेरा खा.पा. निर्माण, वडा नं.६ | ६ लाख | |
| ९. | नेटीबजारदेखि आरीडाव दहटोल र नेटीबजार देखि स्कुल जाने वाटो मर्मत वडा नं.६ | ७ लाख | |
| १०. | भेरेखर्क माजडारी सम्म सिचाई वडा नं.६ पाल्ते | ५ लाख | |
| ११. | कफ्लेना देखि घोरनेटा जोड्ने सडक वडा नं.१० | ७ लाख | |
| १२. | चिसिमुलदेखि माथि बाहुनगाउँ जोड्ने सडक वडा नं.११ | ७ लाख | |
| १३. | बारिला देखि वडा भवन जोड्ने सडक वडा नं १२ | ४ लाख | |
| १४. | कुदु खानेपानी विस्तार वडा नं.१३ | २० लाख | |
| १५. | मसानघाट प्रतिक्षालय निर्माण, वडा नं.१३ | ३ लाख | |
| १६. | हलेदे जनक पुस्तकालय खा.पा.भेनपा -४, | ४ लाख | |
| १७. | क्याम्पस भवन अगाडिको वाटो ढलान वडा नं.३ | ३ लाख | |
| १८. | गैरीखाली देखि पाँचकाटियासम्म बाटो सफा गरेको २२० सीसी मेशीनले जम्मा ५३ घन्टा काम गरेकोमा प्रति घन्टा ६ हजारको दरले कुल हुन आउने रकम भुक्तानी वडा नं. २ | ३ लाख १८ हजार | |

चालु आ.व. २०७६।०७७ को चालु बजेट शिर्षक नं. २२५२२ कार्यक्रम खर्चबाट खर्च लेख्ने गरी सँचालन गर्ने कार्यक्रमको विवरण ।

| क्र.सं. | योजनाको नाम ठेगाना | विनियोजित रकम रू | बजेट खर्च शिर्षक |
|---|---|---|---|
| १. | एम्बुलेन्स खरिद नगरपालिका | २२ लाख | |
| २. | जातीय छुवाछुत मुक्त नगर घोषनाको लागि अभियान संचालन | २२ लाख | |
| ३. | लिज्ड लाईन ( Internet with 3MBps ) जडानको भुक्तानी | १ लाख ५० हजार | |
| ४. | रमाईलो मेलामा खेलकुद संचालनको लागि चेम्वर अफ कमर्सलाई सहयोग | ४ लाख | |
| ५. | गत आ.व.मा खलंगा पाँचकाटिया सडक खण्डको मर्मतकालागि शिद्धि विनायक आयलस्टोर भे.न.पा. ४ का प्रो.श्री प्रकाश चन्दलाई दिनुपर्ने तेलको | १ लाख ९९ हजार ९ सय ८० | |
| ६. | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको तालिममा सहभागी भएका कर्मचारीहरुलाई खाना तथा आवास वापत प्रति कर्मचारी २० हजारका दरले ४ जना कर्मचारीलाई | ८० हजार | |
| ७. | बहुक्षेत्रीय पोषण कार्यक्रममा थप म्याचिंग | ६ लाख | |
| ८. | प्राविधिक जनशक्तिको लागि स्मार्ट रोड सफ्टवेयर तालिम तथा रोड सफ्ट वेयर जडानको लागि भुक्तानी | २ लाख ५० हजार | |
| ९. | व्याक हो लोडर सर्भिसिंगको भुक्तानी | | बील अनुसार भुक्तानी गरिने |
| १०. | मटेला पुल टोल विकास समितिको व्याटमेन्टन कोर्ट निर्माण | २ लाख | |
| १२. | नगर शिक्षावाट प्रस्ताव भएको रकम | ७ लाख ४० हजार | |
| १३. | वडा नं. ८ का दुई वटा खोप केन्द्रमा शौचालय निर्माण | ५ लाख | २ लाख ५० हजारका दरले |
| १४. | जनविकास आ.वि वडा नं. ८ मा २ वटा डेस्कटप कम्प्युटर, टेबुल, कुर्सि, दराज, कारपेट खरिद गरी हस्तान्तरण गर्ने | १ लाख ५० हजार | |
| १५ | वडा नं २ ५ ७ ८ ९ १० ११ मा नगरपालिकाको व्याकलोडर ले काम गर्दा लागेको जम्मा तेल १६६१ लिटर | | |
| १६ | नगरपालिकाले अआफ्नै ब्याक हो लोडर प्रयोग गरी वडा नं. ५,७,८,१० र ११ मा बाटो मर्मत सुधार गर्दा खर्च भएको १६८४ लीटर तेलको भुक्तानी | १ लाख ९४ हजार | |
| १७ | घरेलु तथा साना उध्योग महासंघ खलंगा ४ जाजरकोट | १ लाख | |
| १८ | लिब्जु फिल्मस प्रा ली बालानु काठमाण्डौलाई भेरी नगरपालिकाको वृत चित्र निर्माण गर्ने कार्यकोलागी | ३ लाख | |
| १९ | शम्भु फर्नीचर निर्माण खलंगा ४ | १ लाख | |
| २० | सविता टेलर्स भेरी नगरपालिका ४ | १ लाख | |

| | | | |
|---|---|---|---|
| २१ | मालिका डकुमेन्टरी निर्माणको लागी भेरी मिडिया नेटवर्क प्रा ली जाजरकोटलाई भुक्तानी | १ लाख ५० हजार | |
| २२ | वडा नं २ को सरंगे नाचलाई अनुदान सहयोग | ५० हजार | |
| २३ | कुदु व्याडमेन्टन कोर्ट निर्माण | १ लाख | कुदु वृह्द सॉस्कृतिक मेलामा विनियोजन गरेको रु १ लाख वजेटवाट खर्च लेख्नेगरी । |
| २४ | प्याक मिडिया नेटवर्क प्रा.ली. भेनपा ३ ( विभिन्न क्षेत्रगत सन्देश मुलक सुचना प्रचार प्रसार तथा नगरपालिकाका सवै अभियानहरुको प्रचार प्रसार ) | १ लाख ५० हजार | |
| २५ | नगरपालिकाको डिजिटल प्रोफाइल निर्माण | २० लाख | |
| २६. | मेयर स्वास्थ्य घुम्ती शिविर | ७ लाख | |

१४. नगरपालिकाको नीति, मापदण्ड तथा कानून कार्यान्वयन गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण जस्ता कार्यहरू सम्पादनका लागि नगर प्रहरीको व्यवस्था गर्न आवश्यक भई सो सम्बन्धि बजेट समेत व्यवस्था सहित ७ जनाको दरवन्दी तोकिएकोमा कार्य क्षेत्र र जिम्मेवारीलाई दृष्टिगत गर्दा उक्त दरवन्दि अपर्याप्त हुने देखिएकोले नगर प्रहरी ऐन, २०७५ को दफा ५ (१) बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुने गरी तपसिलमा उल्लेखित दरबन्दी स्वीकृत गरी नगर प्रहरी ऐन, २०७५ बमोजि पद पुर्ति प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिलः छलफल गर्नु पर्ने

| | | |
|---|---|---|
| क. नगर प्रहरी निरीक्षक | छैठौं तह | १ जना |
| ख. नगर प्रहरी नायव निरीक्षक | पाँचौं तह | १ जना |
| ग. नगर प्रहरी सहायक निरीक्षक | चौथो तह | १ जना |
| घ. नगर प्रहरी हवल्दार | तेश्रो तह | २ जना |
| ङ. नगर प्रहरी जवान | श्रेणी विहीन | ८ जना |

१५. ड्राफ्टको रूपमा प्रस्तुत भएका कार्यविधि तथा निर्देशिकाहरू बृहत छलफल का लागि २०७६।८।२७ गतेको बैठकमा पेश गर्ने ।

१६. नगरपालिकाको कार्य सम्पादन तथा सेवा प्रवाहमा नीतिगत व्यवस्था तथा असल अभ्यासहरूको अनुभव आदान प्रदानका लागि प्रभावकारी कार्य सम्पादन गरीरहेका नगरपालिका तथा तिनले गरेका कामको स्थलगत अध्ययनका लागि कार्यपालिकाका सदस्यहरूको अध्ययन अवलोकन भ्रमणका लागि रू ८ लाख यसै आ.व. को चालुतर्फको खर्च हुन बाँकी हुने बजेटबाट खर्च लेख्ने गरी बिनियोजन गर्ने ।

१७. नगरपालिकाको वडा नं. ६ र ११ मा छाना छाउने स्लेट ढुंगा उत्खनन् गरी विक्रि वितरण गर्न कम्पनी रजिष्टारको कार्यालयमा फर्म दर्ता सहित अनुमति पाउँ भनी निवेदन दर्ता भएकोमा सो सम्बन्धमा बुझ्दा उत्खनन् अनुमति स्थानीय तहको सिफारिसमा खानी तथा भु गर्भ विभागबाट लिनु पर्ने कानूनी प्रावधान रहेको र सो प्रक्रिया पुरा

गर्न केही समय लाग्ने अवस्था देखिएको, यसबाट स्थानीयहरूको घर निर्माण लगायत व्यक्तिगत निर्माण कार्यमा समस्या उत्पन्न भएकोले खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिमको प्रक्रिया यसै आ.व. भित्र पुरा गर्न जानकारी गराई उक्त प्रक्रिया पुरा नहुँदासम्मको लागि हाललाई नगरपालिकाको आर्थिक ऐन, २०७६ बमोजिम राजश्व लिई अनुमतिका लागि दर्ता प्रक्रियामा रहेका फर्महरूलाई २०७६ असार मसान्तसम्मको लागि स्लेट ढुंगा उत्खनन् तथा विक्रि गर्न दिने ।

१८. बृहत जलाधार व्यवस्थापन केन्द्र जाजरकोटबाट यसै चालु आ.व. को स्वीकृत बजेटबाट कार्यान्वयन गर्नका लागि तपसिलम बमोजिमका योजनाहरू सिफारिस गर्नेः

| | |
|---|---|
| १. भेरी नदी तटबन्धन, डाव | वडा नं. १ |
| २. रिसाङ खोला झ्यालीखेत तटबन्धन, तीगार सांगटा | वडा नं. २ |
| ३. तर्पेनी रामचन्द्र बाँठाको खेतदेखि लक्षिराम थापाको घरसम्म तटबन्ध | वडा नं. ३ |
| ४. भेरी प्रा.वि. मुन्तिर भु क्षय नियन्त्रण | वडा नं. ४ |
| ५. आटाखोला देखि घाग्रे सम्म तटबन्धन | वडा नं. ५ |
| ६. ट्वाकट्वाके मुहान् संरक्षण, जोइढुंगा भु संरक्षण | वडा नं. ६ |
| ७. स्याउली देखि घट्टेखोला तटबन्धन | वडा नं. ७ |
| ८. कुरिल्ले देखि स्याउली तटबन्धन | वडा नं. ८ |
| ९. बेलटाकुरा साँगुरा तटबन्धन | वडा नं. ९ |
| १०. चिसिमुल फेरा तटबन्धन | वडा नं. १० |
| ११. फेरा देखि घट्टेखोला तटबन्धन | वडा नं. ११ |
| १२. गर्वद्वाला देखि डेउरासम्म तटबन्धन | वडा नं. १२ |
| १३. छहरी खानेपानी मुहान संरक्षण | वडा नं. १३ |
| १४. फेरा देखि स्याउली तटबन्धन | वडा नं. १० |

१९. कार्यालय सहयोगी सर्मिला सुनारसंग नगरपालिकाले गरेको करार संझौता अनुसार कार्यालयमा जानकारी नदिई अनुपस्थित भएको, आफुलाई तोकीएको जिम्मेवारी पुरा नगरी वारम्वार काममा लापरवाही गरेको देखिएकोले निजको २०७६ मंशिर १ गते देखि लागु हुने गरी करार संझौता रद्द गरी अवकास दिने ।

२०. यस नगरपालिकाको डिजिटल प्रोफाईल निर्माणका लागि मिति Qxera multipurpose Pvt.ltd. kathmandu विच सम्पन्न सम्झौता अनुसारको रु १९८०००० ( अक्षेरुपी उन्नाईस हजार मात्र ) चालु आ व २०७६।०७७ को चालु तर्फको शिर्षकबाट भुक्तानी गर्ने ।